नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
मंसीर/पौष २०७२ (December 2015) वर्ष १९/अङ्क २२५

## येशूको जन्ममा पूरा भएका दिव्य भविष्यवाणीहरू

- डीकन सिमोन पाठक

येशू खीष्टको जन्म मानिसको जन्मभन्दा फरक किसिमले भएको थियो । उहाँको जन्म, उहाँले जिउनुहुने जीवन र उहाँले मानिस जातिको निम्ति गर्नुहुने पवित्र बलिदान र पुनरूत्थान आदिको विषयमा उहाँ जन्मनुभन्दा हजारौं वर्ष अघिदेखि अगमवक्ताहरूद्वारा विभिन्न समयमा भविष्यवाणी गरिएको थियो । उहाँको विषयमा गरिएका सबै भविष्यवाणीहरू एउटा पनि बिन्दु तलमाथि नभई सबै पूरा भएका छन् । येशूको जन्मको सम्बन्धमा गरिएका दिव्य भविष्यवाणीहरू बाइबल धर्मशास्त्रमा यसरी लिपिबद्ध गरिएका छन्:

### येशू स्त्रीको सन्तान बनेर जन्मनुहुनेछ

सृष्टिको शुरूको मानव आदम र हव्वाले पाप गरिसकेपछि स्त्रीको सन्तान र शैतानको बीचमा दुश्मनी शुरू भयो (उत्पत्ति ३:१५) । मानिस र शैतानको बीचमा दुश्मनी हुनेछ र स्त्रीको सन्तानले तेरो शिर कुच्च्याउनेछ भनी गरिएको वाणीले येशूको जन्मलाई संकेत गरिएको कुरा पावलले गलातीहरूलाई लेखिएको पत्रद्वारा पुष्टि हुँदछ । समयको पूर्णतामा येशू स्त्रीको सन्तान बनेर जन्मनुभयो (गलाती ४:४-५) । स्त्रीको सन्तानले तेरो शिर कुच्च्याउनेछ भनी हजारौं वर्ष अघि गरिएको भविष्यवाणी क्रूसको मृत्यु र पुनरूत्थानमा पूरा भयो ।

### येशू इस्राएलबाट जन्मनुहुनेछ

येशू जन्मनुभन्दा करीब पन्ध्र सय वर्ष अघि उहाँ इस्राएलबाट आउनुहुनेछ भनी भविष्यवाणी गरिएको थियो (गन्ती २४:१७-१९)। यो भविष्यवाणी मुताविक नै उहाँ अब्राहाम, इसहाक, याकूब अर्थात् इस्राएलको वंशबाट हुँदै जन्मनुभयो र उक्त भविष्यवाणी पनि शत् प्रतिशत पूरा भयो (मत्ती १:१-१७) ।

### येशू कन्या स्त्रीबाट जन्मनुहुनेछ

यशैया अगमवक्ताले येशूको जन्म कन्याद्वारा हुनेछ भनी येशू जन्मनुभन्दा करिब साँढे सात सय वर्षअघि भविष्यवाणी गरेका थिए (यशैया ७:१४) । उहाँ कन्या मरियमको कोखमा पवित्र आत्माको शक्तिद्वारा गर्भधारण हुनुभयो । मरियमले सोधेको प्रश्नको जवाफमा स्वर्गदूतले यसरी भनेका थिए, "पवित्र आत्मा तिमीमा आउनुहुनेछ, र सर्वोच्चका शक्तिको छायाँ तिमीमाथि पर्नेछ । यसैकारण जो जन्मनुहुनेछ, उहाँ पवित्र अर्थात् परमेश्वरका पुत्र कहलाइनुहुनेछ" (लूका १:३५-३६) । येशूको जन्म कन्या मरियमको कोखबाट हुनु पवित्र आत्माको काम थियो (मत्ती १:१८-२५) । यशैया अगमवक्ताले गरेको भविष्यवाणी करिब साँढे सात सय वर्षपछि जस्ताको तस्तै पूरा भयो (लूका १:२६-३३; मत्ती १:२०-२३ ) ।

### येशू बेथलेहममा जन्मनुहुनेछ

मीका अगमवक्ताले येशूको जन्म बेथलेहेममा हुनेछ भनी करिब सात सय पचासदेखि छ सय छयासी खीष्टपूर्वमा भविष्यवाणी गरेका थिए (मीका ५:२) । मीका अगमवक्ताले येशूको जन्मको विषयमा गरेको भविष्यवाणी सत् प्रतिशत पूरा भयो (लूका २:४-७, ११, १५-१६; मत्ती २:१-६, ८-९; यूहन्ना ७:४२) ।

### येशू दाऊदको घराना, यहूदाको कुलमा जन्मनुहुनेछ

येशू दाऊदको घराना, यहूदाको कुलबाट जन्मनुहुनेछ भनी भविष्यवाणी भएको थियो (उत्पत्ति ४९:१०; यशैया ११:१-५; लूका १:३१-३३; यर्मिया २३:५-६, ३३:१४-१६) । योसेफ र मरियम दुवैजना दाऊदको घरानाका थिए (मत्ती १:६,१६) । योसेफ कानूनी तवरले येशूका पिता हुन् र मरियम शारीरिक तवरले येशूकी आमा हुन् र दुवैजना दाऊदको वंशका थिए । मत्ती एक अध्याय र लूका ३ अध्यायमा उल्लेख गरिएको वंशावलीलाई केलाउँदै जाँदा योसेफ र मरियम यरूबाबेलको वंशमा पर्दछन् (मत्ती १:१२; लूका ३:२७) । यरूबाबेल दाऊदको वंशका थिए (मत्ती १:६,१२) । मत्ती र लूकामा उल्लेख गरिएको वंशावलीलाई अध्ययन गर्दा येशू दाऊदको घरानाबाट जन्मनुभएको पुष्टि हुन्छ । यसरी येशू दाऊदको घराना, यहूदाको कुलमा जन्मनुहुनेछ भनी गरिएको भविष्यवाणी पनि शत् प्रतिशत पूरा भयो ।

### येशूले सदासर्वदै राज्य गर्नुहुनेछ

यशैयाले येशू सदासर्वदै राज्य गर्नुहुनेछ भनी उहाँ जन्मनुभन्दा करिब साँढे सात सय वर्ष अघि भविष्यवाणी गरेका थिए (यशैया ९:६-७) । स्वर्गदूतले येशूको जन्म र उहाँ कस्तो व्यक्ति हुनुहुनेछ भन्ने विषयमा मरियमलाई भनेको वाणी र यशैयाले गरेको भविष्यवाणी मिल्दोजुल्दो छ (लूका १:३२-३३) । येशू सदासर्वदै राज्य गर्नुहुने राजा हुनुहुन्छ। उहाँ स्वर्गको सिंहासनमा आज पनि राज्य गरिराख्नुभएको छ। उहाँ एक दिन मण्डलीलाई लिन आउनुहुनेछ र हामी पनि उहाँसँगै राज्य गर्नेछौं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| मंसीर २६ December 12 | पाष्टर सामुएल कार्थक | डीकन राजु तामाङ्ग | पाष्टर अशोक मुखिया | एल्डर श्यारोन रोंगोंग | पाष्टर दफ्तन सादा | डीकन रूद्र राई | एल्डर शरण राई |
| पौष ४ December 19 | डीकन सिमोन पाठक | श्रीमती रश्मिला तामाङ्ग | डीकन सुरेश पुरकुटी | पाष्टर दफ्तन सादा | एल्डर रूबेन श्रेष्ठ | एल्डर श्यारोन रोंगोंग | डीकन घनश्याम दाहाल |
| पौष १० December 25 | खीष्ट जन्मोत्सव सेवा आ-आफ्नो चर्च | | | | | | |
| पौष ११ December 26 | | | | | एल्डर श्रीलक्ष्मी सैंजु | | |
| पौष १८ January 02 | पाष्टर रोबर्ट कार्थक | श्री सरुष मान तामाङ्ग | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर बि.बि. खवास पाष्टर राजेन्द्र रोंगोंग | श्रीमती गंगा श्रेष्ठ | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर सिमोन खालिङ |

येशूको जन्म मात्र होइन उहाँको मृत्यु र पुनरूत्थान वा फेरिजीवित हुने विषयमा गरिएको भविष्यवाणी पनि सबै पूरा भएका छन् । उहाँमा विश्वास गर्नेहरूलाई एकदिन लिन आउनुहुनेछ भनी येशू मृत्युबाट जीवित हुनुभएको चालिस दिनपछि जैतून डाँडाबाट स्वर्ग उचालिनुहुँदै गर्दा स्वर्गदूतद्वारा गरिएको भविष्यवाणी पनि एकदिन शत् प्रतिशत् पूरा हुने नै छ (प्रेरित १:११) । यदि उहाँको विषयमा गरिएका भविष्यवाणीहरू पूरा नभएको भए दोस्रो आगमन र उहाँमाथि विश्वास गर्नेहरूले मुक्ति पाउने कुरामा शंका हुने थियो तर उहाँको विषयमा गरिएको भविष्यवाणी शत् प्रतिशत् पूरा भएको हुनाले उहाँमाथि विश्वास गर्नेहरूले मृत्युपछि मुक्ति पाउने कुरा पनि शत् प्रतिशत् निश्चित छ ।

उहाँको जन्मले अन्धकारमा रूमल्लिएका संसारका सारा मानव जातिलाई मुक्ति, शान्ति, मिलाप आदिको सन्देश दिएको छ, यो सन्देश छर्दै खीष्ट जन्मोत्सवको वास्तविकतालाई सार्थक बनाउनु नै साँचो खीष्टमस मनाउनु हो । देशको प्रतिकूल परिस्थितिले हाम्रो घरको चूल्हो निभे पनि हृदयको दियो जलिरहोस् र अन्धकारमा भएका मानिसहरूलाई ज्योति, मुक्ति, शान्ति र मिलापको सन्देश सुनाउँदै यो वर्षको खीष्टमसलाई उज्ज्वल गराऔं !

**प्रभु येशू खीष्टको जन्मोत्सव खीष्टमस तथा नव वर्ष २०१६ को सुखद अवसरमा नेइमअन्तर्गतका सम्पूर्ण मण्डली परिवार, शाखा आवद्ध मण्डलीहरु, देश विदेशमा रहनुभएका सम्पूर्ण मण्डली परिवारहरु साथै सम्पूर्ण देशबासीहरुमा प्रेम, मेलमिलाप, एकता र शान्तिको लागि प्रार्थना तथा शुभ कामना व्यक्त गर्दछौं ।**

## डिसेम्बर महिनाको कार्यक्रम

मंसीर २० गते/डिसेम्बर ६ तारिख आइतबार बिहान १०:००-३:०० बजेसम्म **नेइम २०१६ सालको योजना तयार गर्ने बैठक** गोंगबूँ मण्डलीमा ।

मंसीर २७ गते/डिसेम्बर १३ तारिख आइतबार बिहान १०:००-२:०० बजेसम्म **नेइम परिषद्को बैठक** ज्ञानेश्वर मण्डलीमा ।

पौष १ गते/डिसेम्बर १६ तारिख बुधबार **उपवास प्रार्थना** आ- आफ्नै मण्डलीमा।

पौष १० गते/डिसेम्बर २५ तारिख शुक्रबार बिहान ११:००-२:०० बजेसम्म **खीष्टमस सेवा** आ- आफ्नै मण्डलीमा ।

पौष १६ गते/डिसेम्बर ३१ तारिख बिहीबार राती ९:००-१२:०० बजेसम्म **आधा रातको प्रार्थना** आ- आफ्नै संगतिहरूमा ।

## जानकारी

मंसिर ५ गते/नोभेम्बर २१ तारिख शनिबार नेइम बाल संगतिका १५ वर्षका ५१ जना बालबालिकाहरू दीक्षित भई बाल संगतिबाट बिदाई तथा युवा संगतिमा स्वागत गरियो ।



रानीवन बस्नुहुने नेइम गोंगबूँ मण्डलीकी सदस्य श्रीमती **बाल कुमारी गुरूङ्ग** ४६ वर्षको उमेरमा कार्तिक १९ गते/नोभेम्बर ५ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।



चाबहिल बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री **बुद्धि बहादुर श्रेष्ठ** ८८ वर्षको उमेरमा मंसीर ४ गते/नोभेम्बर २० तारिख शुक्रबार प्रभुमा सुत्नुभयो ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | गोंगबूँ | धापासी | रानीपौवा |
|---|---|---|---|---|---|---|---|
| **मंसीर २६**<br>December 12 | पाष्टर<br>महेश थाँजु | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>जमान घ्लान | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा<br>गोंबगूँ चर्च | श्री<br>राजु तामाङ्ग |
| **पौष ४**<br>December 19 | पाष्टर<br>रोबर्ट कार्थक | **संयुक्त सेवा जोरपाटी चर्च** | | | एल्डर<br>कर्ण तामाङ्ग | पाष्टर<br>बर्णबास श्रेष्ठ | श्री<br>कुमार सेन्चुरी |
| **पौष १०**<br>December 25 | **ख्रीष्ट जन्मोत्सव सेवा आ-आफ्ना चर्च** | | | | | | |
| **पौष ११**<br>December 26 | एल्डर<br>गोपी राई | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>जमान घ्लान | श्री<br>प्रशान्त सिंह | एल्डर<br>छोदेन कार्थक | श्रीमती<br>शान्ति तामाङ्ग |
| **पौष १८**<br>January 02 | पाष्टर<br>महेश थाँजु | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>जमान घ्लान | पाष्टर<br>बर्णबास श्रेष्ठ | एल्डर<br>छोदेन कार्थक | संयुक्त सेवा<br>गोंगबूँ चर्च |

# हार्दिक बधाई




मंसीर ३ गते/नोभेम्बर १९ तारिख बिहीबार नेइम ललितपुर चर्चका सदस्यहरू श्री **अरूण गुरूङ्ग** र सुश्री **कविना श्रेष्ठ**को नेइम ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **अरूण** र **कविना गुरूङ्ग** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर १६ गते/डिसेम्बर २ तारिख बुधबार नेइम गोंगबूँ चर्चको सदस्यहरू श्री **बिक्कल बस्नेत** र सुश्री **श्रृजना लिम्बू**को नेइम गोंगबूँ चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमाएकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **बिक्कल** र **श्रृजना बस्नेत**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर ६ गते/नोभेम्बर २२ तारिख आइतबार नेइम सिर्जनानगर चर्चको सदस्य श्री **दिनेश नेवा** र हार्वेष्ट मण्डली कमल विनायकको सदस्य सुश्री **सुशीला बाटा**को हार्वेष्ट मण्डलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **दिनेश** र **सुशीला नेवा**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर ७ गते/नोभेम्बर २३ तारिख सोमबार नेइम ज्ञानेश्वर चर्चकी सदस्य सुश्री **नितु नेपाल** र जीवित आशा मण्डलीको सदस्य श्री **भुपेन्द्र कंठ**को नेइम ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **भुपेन्द्र** र **नितु कंठ**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर १० गते/नोभेम्बर २६ तारिख बिहीबार नेइम गोंगबूँ चर्चको सदस्य श्री **सन्तोष लिम्बू** र नयाँ जीवन मण्डली, संखुवासभाकी सदस्य सुश्री **सुक्रिना लिम्बू**को नयाँ जीवन मण्डलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **सन्तोष** र **सुक्रिना लिम्बू**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## विषेश प्रार्थना

१. देशको वर्तमान परिस्थितिको कारण कोही पनि निरास हताश नभई परमेश्वरमा पूर्ण भरोसा राखी देशको निम्ति निरन्तर प्रार्थना गरौं ।

२. देशको राजनैतिक, सामाजिक, आर्थिक, भौतिक, शैक्षिक, स्वस्थ्य, सम्पूर्ण क्षेत्रहरूमा सुधार, परिवर्तन, उन्नति, प्रगति भएको होस् र इमान्दारिताको लागि प्रार्थना गरौं साथै देशको तराई भेगमा भइरहेको बन्द, हडताल, नाका बन्दी हटेर गएको होस् ।

३ ख्रीष्टमसको अवसरमा विभिन्न माध्यमहरू जस्तै रेडियो, एफ.एम., टि.भी., नाटक, भजन तथा गीतहरूद्वारा प्रचारिने सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् साथै विभिन्न मण्डलीहरूमा हुने ख्रीष्टमस सेवाहरूको लागि प्रार्थना गरिदिऔं ।

४. सारा संसारका मानिसहरूले ख्रीष्टमसको सही अर्थ बुझेर यो उत्सव मनाउन सकून् ।

५. ख्रीष्टमसको अवसरमा पारिवारिक भेटघाटको लागि यात्रा गर्नुहुने साथै सारा संसारभरि हुने सेवा संगतिहरूको सुरक्षाको लागि प्रार्थना गरिदिऔं ।

६. आउँदो वर्ष २०१६ साल नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित् भएर जानको लागि परमेश्वरबाटको विशेष अगुवाइ मागौं ।

७. नेपालका मण्डलीहरू साथै ख्रीष्टियन संघ संस्थाहरू परमेश्वरको इच्छा र योजनाअनुसार परमेश्वरको महिमाको लागि आउँदो वर्ष अझै अघि बढ्दै जान सकून् ।

८. सारा संसारभरिका मण्डलीहरूमा जागृतिको लागि प्रार्थना गरिदिऔं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>**Sunday** | २० 6<br>मण्डलीहरूका गुरुजनहरूले मण्डलीलाई प्रभुको इच्छाअनुसार डोऱ्याउन पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>यर्मिया २९:११ | २७ 13<br>आज हुने नेइम परिषद्को बैठकको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह १३३:१-३ | ५ 20<br>समस्या, चिन्ता, रोग, शोक, अभाव, बन्धन, निरास, ऋण, अशान्तिमा भएकाहरूको लागि प्रार्थना गरिदिऔं।<br>फिलिप्पी ४:४-७ | १२ 27<br>नेपालका सुसमाचार पुग्न नसकेका गाउँ, जिल्लाहरूमा सुसमाचार पुग्न सकोस् र मण्डली स्थापना भएको होस् ।<br>यशैया ६४:२-३ |
| **सोमबार**<br>**Monday** | २१ 7<br>नेपाल देशका सबै मण्डलीहरू प्रार्थना, वचन पढाइ, स्तुति प्रशंसा, सुसमाचार प्रचार, प्रेम र पवित्रताको क्षेत्रमा अझै अघि बढ्दै जान सकून् साथै ख्रीष्ट प्रभुको दोस्रो आगमनको निम्ति सधैं तयार रहनेहरू हुन सकून् ।<br>फिलिप्पी ४:८-९ | २८ 14<br>वर्तमान समयमा परमेश्वरको इच्छाअनुसार हामी सबै अझ धेरै प्रार्थानामा समय बिताउनेहरू हुन सकौं ।<br>यशैया ६२:६-७ | ६ 21<br>प्रत्येक विश्वासीहरू मानिसहरूलाई सुसमाचार सुनाएर प्रभुको राज्यमा डोऱ्याउने बोझ र दर्शन अझ बढेर गएको होस् ।<br>रोमी १०:८-१८ | १३ 28<br>प्रभुलाई पाएर पनि संसारतिर हराएकाहरू अनुग्रहको समय छँदा नै प्रभुमा फर्केर आउन सकून् ।<br>यर्मिया ३१:११-१२,१६-२० |
| **मंगलबार**<br>**Tuesday** | २२ 8<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई हामीहरू सधैँ परमेश्वरको इच्छाअनुसार जिउनको लागि पवित्र आत्माको सहायता मागौं ।<br>कलस्सी ३:१-४ | २९ 15<br>मण्डलीका सबै विश्वासीहरू सबै परिस्थितिमा स्थिर र अटल रही परमेश्वरको वचनअनुसार जिउन पवित्र आत्माले नै सहायता गर्नुभएको होस् ।<br>भजनसंग्रह ११९:१०५,१३३ | ७ 22<br>येशू ख्रीष्ट नै सारा संसारको ज्योति हुनुहुन्छ भन्ने सत्यता सारा मावन जातिले बुझी विश्वास गर्न सकून् ।<br>यशैया ९:२, यूहन्ना ८:१२ | १४ 29<br>परमेश्वरको वचन पढ्ने, सुन्ने, मनन गर्ने र पालन गर्दै जाने तृष्णा हामी सबैमा भएको होस् ।<br>भजनसंग्रह १०७:९, प्रकाश १:३ |
| **बुधबार**<br>**Wednesday** | २३ 9<br>परमेश्वरको इच्छाअनुसार हामी दिन प्रतिदिन पवित्र आत्माको सहायतामा प्रभुमा बढ्दै जान सकौं ।<br>१ थेसलोनिकी १:१-७ | १ पौष 16<br>सारा संसारभरि ख्रीष्टमसको अवसरमा गरिने सेवा संगतिहरू साथै सुसमाचार प्रचारको निम्ति प्रार्थना गरिदिऔं ।<br>यशैया ७: १४, यूहन्ना ३:१६ | ८ 23<br>ख्रीष्टमसको अवसरमा विभिन्न माध्यमद्वारा प्रचारिने सुसमाचारद्वारा धेरै मानिसहरू परमेश्वरको राज्यमा आउन सकून् ।<br>लूका २:९-१४ | १५ 30<br>यो वर्षभरिका सबै आशिषहरूको निम्ति सबै आदर, भक्ति महिमा परमप्रभु परमेश्वरलाई नै चढाऔं ।<br>यहोशू २१:४३-४५ |
| **बिहीबार**<br>**Thursday** | २४ 10<br>सबै विश्वासीहरू वर्तमान संकटको समयमा स्थिर रही प्रार्थनामा जागा रहन सकून् ।<br>रोमी १२:१२ | २ 17<br>सारा संसारका मण्डलीहरू साथै मानिसहरूले ख्रीष्टमसको सही अर्थ बुझेर यो उत्सव मनाउन सकून् ।<br>रोमी १४:१७-१८ | ९ 24<br>भोलि सारा विश्वव्यापी मण्डलीहरूमा हुने ख्रीष्टमस सेवाको लागि प्रार्थना गरिदिऔं ।<br>मत्ती १:१६-२३ | १६ 31<br>आउँदो वर्षभरि आशिषित् भएर जिउनको लागि आजदेखि नै दिन प्रतिदिन विजयको पाइला अघि बढाउँदै जान सकौं ।<br>व्यवस्था ११:८-१२ |
| **शुक्रबार**<br>**Friday** | २५ 11<br>आराधना सेवामा वचन प्रचार, स्तुति प्रशंसा, सुसमाचार, सञ्चालन साथै अरू सबै क्षेत्रमा जिम्मा लिनुहुनेहरू सबैको लागि प्रार्थना गरिदिऔं ।<br>१ पत्रुस ४:१०-११ | ३ 18<br>आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरू साथै मण्डली परिवारहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यर्मिया २३:१८,२८-२९ | १० 25<br>सारा संसारका मानिसहरूले येशू ख्रीष्ट नै प्रभु अनि मुक्तिदाता हुनुहुन्छ भनी जानेर विश्वास गर्न सकून् ।<br>लूका २:८-११, यूहन्ना १४:६ | १७ January 1<br>यो वर्ष मण्डली आत्मामा, गुणमा, संख्यामा साथै अरू सबै क्षेत्रहरूमा अझै आशिषित् भएर जान सकौं ।<br>यशैया ४३:१८-२१ |
| **शनिबार**<br>**Saturday** | २६ 12<br>प्रत्येक शनिबार वचनको सेवकाइ गर्नुहुनेहरूको सेवकाइमा आशिष् मागिदिऔं ।<br>भजनसंग्रह ४७:१-९ | ४ 19<br>मण्डलीका सबै बालबालिकाहरू सानै उमेरदेखि नै परमेश्वरमा हुर्कँदै बढ्दै जान सकून् ।<br>यशैया ५४:१३,५९:२१ | ११ 26<br>हामी विश्वासीहरू कोही पनि धर्मकर्म र रीतिविधिमा मात्र जिउनेहरू हुनदेखि परमेश्वरले नै जोगाऊन् ।<br>मर्कूस ७:१-८ | १८ 2<br>यो वर्षभरि देश, मण्डली, परिवार र व्यक्तिगत जीवनको निम्ति परमेश्वरले राखिदिनुभएको प्रशस्त आशिषहरूको निम्ति धन्यवाद चढाऔं ।<br>१ कोरिन्थी २:९, एफिसी १:३ |

**अन्धकारमा हिंड्ने मानिसहरूले एउटा ठूलो ज्योति देखेका छन् । मृत्युको छायाँको देशमा बस्नेहरूमाथि एउटा ज्योति उदाएको छ । (यशैया ९:२)**

**तब स्वर्गदूतले तिनीहरूलाई भने, "नडराओ, किनभने हेर, म तिमीहरूलाई बडो आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसहरूका निम्ति हुनेछ । आज दाऊदको शहरमा तिमीहरूका निम्ति एउटा मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट प्रभु हुनुहुन्छ" (लूका २:१०-११) ।**